नेपाल सरकार

# गृह मन्त्रालय

(स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा)

पत्र संख्याः- ०८२/८३ (स्था.प्र.)

सिंहदरवार,
काठमाडौं, नेपाल।

प्राप्त पत्र संख्या र मितिः-

मिति: २०८२/६/२९

च.नं.:- २३८

ने.सं. ११४५

विषयः <u>मतदाता नामावलीमा नाम दर्ता तथा अद्यावधिक गर्न सूचना प्रवाह गर्ने सम्बन्धमा।</u>

श्री जिल्ला प्रशासन कार्यालय (सबै)।
श्री ईलाका प्रशासन कार्यालय (सबै)।

मिति २०८२/११/२१ गते हुने प्रतिनिधि सभाको निर्वाचनलाई मध्यनजर गरी संवत् २०८२ साल कात्तिक मसान्तसम्म मतदाता नामावलीमा नाम दर्ता तथा अद्यावधिक कार्य सबै निर्वाचन कार्यालयहरूबाट सञ्चालन भइरहेको हुनाले निर्वाचन आयोगको प.सं. च.नं. ०८२/०८३/२९ मार्फत प्रास देहाय बमोजिमको सूचना सेवाग्राहीलाई प्रवाह गरिदिने व्यवस्था मिलाउन अनुरोध भएकोले सूचना प्रवाहको लागि तहाँबाट आवश्यक व्यवस्था मिलाउनुहुन आदेशानुसार अनुरोध छ।

<u>देहायः</u>

सूचना

"संवत् २०८२ साल कात्तिक मसान्तसम्म मतदाता नामावलीमा नाम दर्ता गर्ने प्रयोजनका लागि मतदाता नामावलीमा नाम दर्ता नगरेका नेपाली नागरिकहरूले https://applyvr.election.gov.np/ बाट अनलाईन फाराम भरी जुनसुकै निर्वाचन कार्यालयमा गई फोटो खिचाउन र बायोमेट्रिक दिन सकिने व्यवस्था मिलाइएको हुँदा मिति २०८२/११/२१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको मतदान कार्यमा सहभागी हुन मतदाता नामावलीमा नाम दर्ता गराउन हुन समेत सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।"

२०८२/६/२९

(आशिप शर्मा)
शाखा अधिकृत

श्री पालिका श्री
सूचना तयार
गर्ने पेश हुन।
२०८२/०६/३०

localadmin@moha.gov.np